सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने युवा तथा खेलकुद कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय, निर्देशनालय, तालिम केन्द्र र डिभिजन कार्यालय तथा परिषद्हरुमा कार्यक्रम कार्यान्वयनमा संलग्न कर्मचारी तथा निकायहरुले ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरु देहाय बमोजिम रहेका छन्-:

१. यो मार्गदर्शन सामाजिक विकास मन्त्रालय र मातहतका निकायबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गर्ने कार्यक्रमको कार्यान्वयन सहजीकरणका निमित्त तयार गरिएको छ । यसमा वाझिएका विषयहरु प्रचलित कानुन अनुसार नै कार्यसम्पादन गर्नुपर्नेछ । हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस मार्गदर्शनलाई राम्ररी अध्ययन गर्नु पर्नेछ ।

२. यस मार्गदर्शनमा उल्लेखित विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी मन्त्रालयको हकमा लेखाउत्तरदायी अधिकृत र मातहतका निकायका सन्दर्भमा अख्तियारी प्राप्त अधिकारीको हुनेछ ।

३. कार्यक्रम सञ्चालन गर्नु पूर्व प्रचलित कानुनको प्रावधान अनुकुल हुने गरी कार्यक्रमको उद्देश्य, कार्यक्रम सञ्चालन प्रक्रिया, कार्यक्रममा लाग्ने अनुमानित खर्च बाँडफाँट, कार्यक्रमका सहभागी तथा स्रोतव्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति आदि उल्लेख गरिएको कार्यक्रमको अवधारणा तथा रुपरेखा संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट टिप्पणी आदेशबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु गराउनु हुनेछ ।

४. स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन २०७५, प्रदेश सार्वजनिक खर्च नियमावली, २०७६ नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ तथा अन्य प्रचलित कानुन बमोजिम स्वीकृत गराई मितव्ययी, पारदर्शी तथा दक्षतापूर्वक कार्यक्रम सञ्चालन गर्नुहुनेछ ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०८३।०४।१३ गते प्रेषित ५१ बुँदे बजेट कार्यान्वयन मार्गदर्शनको पुर्णपालना गर्नुहुनेछ । यसका साथै महालेखा नियन्त्रकको कार्यालयबाट अन्तिम लेखापरीक्षण प्रतिवेदनमा प्राप्त सुझावहरुलाई चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा ध्यान दिनुहुनेछ ।

६. कार्यक्रमहरु सञ्चालन गर्दा नतिजामूलक खाका, स्वीकृत कार्ययोजना, समयसारिणी र स्वीकृत खरिद योजना अनुसार गर्नु पर्नेछ । कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिकरुपमा यस मन्त्रालयको योजना हेर्ने महाशाखामा पठाउनु पर्नेछ । सो प्रतिवेदन डिभिजन कार्यालयहरु र परिषद्ले तालुक निकाय निर्देशनालयमा समेत पठाउनु पर्नेछ ।

७. तालिम सञ्चालन गर्ने निकायले संघीय तथा प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्डको सीमाभित्र रही सञ्चालन गर्नु पर्नेछ । तालिम कार्यक्रमको तालिम योजना तथा तालिम पाठ्यक्रम/कार्यतालिका समेत तयार पार्नु पर्नेछ । खरिद कार्य स्वीकृत वार्षिक खरिद योजना अनुसार गर्नु पर्नेछ ।

८. बजेट खर्च गर्दा विनियोजित बजेटको परिधिभित्र रही महालेखा नियन्त्रकको कार्यालयको खर्च संकेत वर्गिकरण तथा व्याख्यालाई आधार मानी खर्च गर्नुपर्नेछ । साथै महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता निकायबाट विभिन्न मितिमा भएका निर्देशन र परिपत्रहरुलाई पालना गर्नुहुनेछ ।

९. डिभिजन कार्यालयहरुले आयोजना कार्यान्वयन गर्दा विनियोजित बजेटको परिधि भित्र रही बहुवर्षीय योजना बाहेकको हकमा चालु आर्थिक बर्षमा सम्पन्न गर्ने गरी कार्यान्वयन गर्नुहुनेछ । बजेटको न्यूनता देखाई आयोजना अधूरो गर्ने गरी कार्यान्वयन गर्नुहुनेछैन ।

१०. समान प्रकृतिका एकिकृत कार्यान्वयन प्रक्रिया उल्लेख गरिएको छ । अख्तियारी प्राप्त निकायले ती एकिकृत कार्यान्वयन प्रक्रियालाई आफ्नो निकायलाई तोकिएको कार्यक्रमको प्रकृति, सन्दर्भ अनुसार उपयुक्त प्रक्रिया अवलम्वन गरी प्रचलित कानून अनुसार कार्यान्वयन गर्नु हुनेछ ।

११. पूर्वाधार तर्फका आयोजनाहरूको अलग अलग कार्यान्वयन प्रक्रिया आवश्यक नहुने भएकाले अधूरो पूर्वाधार निर्माण, ICT जडान तथा उपकरण खरिद, भौतिक पूर्वाधार निर्माण गरी समूहकृत रुपमा कार्यक्रमको उद्देश्य, कार्यान्वयन प्रक्रिया, खर्च प्रक्रिया र प्रतिवेदन लगायतका विषयहरू उल्लेख गरिएकाले अख्तियारी प्राप्त निकायले समूहकृत कार्यान्वयन प्रक्रिया मध्ये आफ्नो निकायलाई प्राप्त आयोजनाको प्रकृति अनुसारको उपयुक्त प्रक्रिया अवलम्वन गरी प्रचलित कानून अनुसार कार्यान्वयन गर्नुहुनेछ।

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद चिमिरे
सामाजिक विकास मन्त्री

बार्षिक कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन योजना

ब.उ.शी.नं. ३४३०००००१२

१. कार्यक्रमको नाम: सशक्तीकरण र क्षमता विकास कार्यक्रम एकीकृत

कार्यक्रमको परिचय	क्षमता विकास र सशक्तिकरण भन्नाले व्यक्ति, समूह तथा संस्थाकोज्ञान, सीप, दक्षता, आत्मविश्वास र निर्णय क्षमता अभिवृद्धि गरी आफ्ना अधिकार, जिम्मेवारी र अवसरको प्रभावकारी उपयोग गर्न सक्षम बनाउने प्रक्रिया बुझिन्छ। यसले व्यक्तिलाई समस्या पहिचान, निर्णय र समाधानमा सक्रिय तथा आत्मनिर्भर बनाउँछ। क्षमता विकासमार्फत आवश्यक ज्ञान र सीप प्रदान गरिन्छ भने सशक्तिकरणले त्यसलाई व्यवहारमा प्रयोग गर्ने अधिकार, अवसर र आत्मविश्वास सुनिश्चित गर्दछ। समावेशी, उत्तरदायी र आत्मनिर्भर समाज निर्माणका लागि क्षमता विकास र सशक्तिकरण महत्वपूर्ण आधार हुन्।	कैफियत
कार्यक्रमको उद्देश्य	१. व्यक्ति, समूह तथा संस्थाको ज्ञान, सीप, दक्षता र निर्णय क्षमता अभिवृद्धि गरी कार्यसम्पादनमा सक्षम र आत्मनिर्भर बनाउनु। २. अधिकार, अवसर र स्रोतमा पहुँच सुनिश्चित गर्दै व्यक्ति तथा समुदायलाई आफ्नो हित र विकासका लागि सक्रिय, जिम्मेवार र सशक्त बनाउनु।	
कार्यक्रम सञ्चालन प्रक्रिया	१. आवश्यकता पहिचान:लक्षित व्यक्ति, समूह वा समुदायको क्षमता र विद्यमान अवस्थाको अध्ययन गर्ने। २. योजना तथा कार्यक्रमको खाका निर्माण गर्ने। ३. आवश्यक जनशक्ति, स्रोतसाधन र बजेटको व्यवस्था गरी सम्बन्धित सरोकारवाला तथा साझेदार निकायसँग समन्वय गर्ने। ४. सम्बन्धित निकायले कार्यक्रमको सहभागीता, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि तालुक निकायहरुको समेत सहभागीता अनुगमनको व्यवस्था गर्ने।	
खर्च प्रक्रिया र प्रतिवेदन	स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम खर्च गर्ने। संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने।	
अपेक्षित उपलब्धी	लक्षित व्यक्ति तथा समुदायको नेतृत्व क्षमता र निर्णय क्षमता अभिवृद्धि हुने।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु /युवा परिषद् विकास समिति / प्रदेश खेलकुद परिषद्	
अनुगमन सूचक	सहभागीको विवरण सहितको अभिलेख,कार्यक्रम तालिका, फोटो तथा प्रतिवेदन	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

२. कार्यक्रमको नाम:सीपमूलक तालिम एकीकृत

कार्यक्रमको परिचय	सीपमूलक तालिम भन्नाले व्यक्तिलाई कुनै निश्चित पेशा, व्यवसाय वा कार्य गर्न आवश्यक व्यावहारिक ज्ञान,सीप र दक्षता प्रदान गर्ने योजनाबद्ध प्रशिक्षण प्रक्रिया बुझिन्छ। यसले सैद्धान्तिक ज्ञानभन्दा व्यवहारिक	कैफियत

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्री

	अभ्यास र कार्यसम्पादन क्षमतामा बढी जोड दिन्छ। तालिमले सहभागीको रोजगारी, स्वरोजगार तथा उद्यमशीलताका लागि आवश्यक दक्षता विकास गर्न सहयोग गर्दछ। बजारको माग र प्रविधिमा आएको परिवर्तनअनुसार सीपलाई अद्यावधिक गर्नु पनि सीपमूलक तालिमको महत्वपूर्ण पक्ष हो। यसबाट व्यक्तिको सीप विकास भई आयआर्जन क्षमता, आत्मनिर्भरता र उत्पादकत्व अभिवृद्धि भई आर्थिक तथा सामाजिक सशक्तिकरणमा योगदान पुग्छ।	
कार्यक्रमको उद्देश्य	लक्षित समूहमा बजारको माग अनुरूप व्यावहारिक ज्ञान, सीप र दक्षता विकास गरी रोजगारी तथा स्वरोजगारका लागि सक्षम बनाउनु।	
कार्यक्रम सञ्चालन प्रक्रिया	१. स्थानीय श्रम बजारको आवश्यकता अनुसार तालिमको विषय पहिचान गर्ने । २. तालिमको पाठ्यक्रम तथा सञ्चालन ढाँचा तयार गरी स्वीकृत गर्ने । ३. स्वीकृत पाठ्यक्रममा आधारित भई तालिम सञ्चालन गर्ने । ४. सीप परीक्षण, प्रमाणीकरण सहितको तालिम भए परीक्षण र प्रमाणीकरणको सुनिश्चितता गर्ने । ५. सीपमूलक तालिम कार्यक्रमको सहभागीता, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि तालुक निकायहरुको समेत सहभागीता अनुगमनको व्यवस्था गर्ने । ६. तालिमको उपलब्धि मूल्याङ्कन गर्दै आवश्यक सुधार गर्ने ।	
खर्च प्रक्रिया र प्रतिवेदन	स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ तथा प्रचलित कानुन बमोजिम खर्च गर्ने । संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने ।	
अपेक्षित उपलब्धी	१. लक्षित व्यक्ति/ समुहमा बजारको मागअनुसार आवश्यक सीप र दक्षता विकास भई रोजगारी तथा स्वरोजगारका लागि सक्षम भएको हुने। २. प्राप्त सीपको उपयोगबाट आयआर्जन, उद्यमशीलता र आत्मनिर्भरता वृद्धि भई व्यक्तिको आर्थिक सशक्तिकरणमा योगदान पुगेको हुने ।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु /प्रदेश युवा परिषद् विकास समिति/ प्रदेश खेलकुद परिषद्	
अनुगमन सूचक	सहभागीको विवरण सहितको अभिलेख, प्रतिवेदन	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

३. कार्यक्रमको नाम: अन्य कार्यक्रम

कार्यक्रमको परिचय	अन्य कार्यक्रम भन्नाले चालु आर्थिक वर्षमा स्वीकृत भई मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमलाई जनाउँछ।	कैफियत
कार्यक्रमको उद्देश्य	कार्यविभाजन नियमावलीमा उल्लेख भएबमोजिम सामाजिक विकास मन्त्रालयका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्न सहयोग गर्ने ।	

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्री

कार्यक्रम सञ्चालन प्रक्रिया	१. कार्यक्रम सञ्चालनका लागि वार्षिक कार्ययोजना, समयतालिका र आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्ने। २. विभिन्न किसिमका क्षमता विकास सम्बन्धी तयारी कक्षा तथा अन्य कार्यक्रमका लागि आवश्यक प्रशिक्षक, विज्ञ तथा स्रोतव्यक्तिको छनोटलाई व्यवस्थित गर्ने, ३. कार्यक्रमको उपस्थिति, सहभागीता, सिकाइ तथा उपलब्धिको नियमित अनुगमन गर्ने।	
खर्च प्रक्रिया र प्रतिवेदन	स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानून तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र लुम्बिनी प्रदेश सरकारको सार्वजिनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम खर्च गर्ने। संक्षिप्त प्रगति प्रतिवेदन तयार गर्ने।	
अपेक्षित उपलब्धी	मागमा आधारित कार्यक्रम सञ्चालन भई लक्षित वर्गको क्षमता विकास भएको हुने।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय/ शिक्षा तथा सामाजिक विकास निर्देशनालय / सामाजिक विकास डिभिजन कार्यालयहरु	
अनुगमन सूचक	सहभागीको विवरण सहितको अभिलेख, कार्यक्रम तालिका,	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

४. **कार्यक्रम/ आयोजनाको नाम: अधूरो पूर्वाधार निर्माण**

कार्यक्रमको परिचय	अधूरा भवन भन्नाले निर्माण कार्य सुरु भई स्वीकृत लागत अनुमान, डिजाइन तथा निर्धारित मापदण्डअनुसार निर्माण सम्पन्न हुन बाँकी रहेका र हाल प्रयोगमा आउन नसकेका वा पूर्ण क्षमतामा प्रयोग हुन नसकेका सरकारी/सार्वजनिक खेल पूर्वाधारलाई जनाउँछ। यस्ता पूर्वाधारमा बजेट अभाव, निर्माण व्यवसायीको ढिलाइ, प्राविधिक समस्या, ठेक्का व्यवस्थापन, जग्गा/स्वामित्वसम्बन्धी समस्या वा अन्य कारणले निर्माण कार्य अपूर्ण रहेको हुन सक्छ।	कैफियत
कार्यक्रमको उद्देश्य	१. निर्माणाधीन तथा अधूरा सार्वजनिक अधूरो पूर्वाधारहरूको बाँकी निर्माण कार्य सम्पन्न गरी निर्धारित मापदण्डअनुसार पूर्ण रूपमा सञ्चालनयोग्य बनाउने। २. अधूरा पूर्वाधारमा विगतमा भएको लगानीको सदुपयोग गर्दै सेवाग्राही/सरोकारवालालाई आवश्यक सार्वजनिक सेवा सहज, गुणस्तरीय र प्रभावकारी रूपमा उपलब्ध गराउने।	
कार्यक्रम सञ्चालन प्रक्रिया	१. विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रावधान अनुरुप हुने गरी ड्रईङ, डिजाइन तथा लागत अनुमान स्वीकृत गर्ने, २. आयोजना सम्पन्न हुने निश्चित गरी प्रचलित कानुनबमोजिम कार्यप्रक्रिया अगाडि बढाउने। ३. चालु आर्थिक वर्षमा आयोजना सम्पन्न हुने गरी संझौता गर्ने,	

उप-सचिव

प्रदेश सचिव

मोहनजी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्री

	४. आयोजना कार्यान्वयन गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ मन्त्रालय, आर्थिक मामिला तथा आयोजना मन्त्रालयबाट विभिन्न समयमा दिएका सुझावहरू,मार्गदर्शन र निर्देशनहरुको पूर्ण रुपमा पालना गर्ने, ५. आयोजना कार्यान्वयन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सूचना पाटी अनिवार्य रुपमा राख्ने, ६. कार्य सम्पन्न प्रतिवेदनका आधारमा अर्को आर्थिक वर्षमा दायित्व बाँकी नहुने गरी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी समयमै भुक्तानी गर्ने व्यवस्था मिलाउने।	
खर्च प्रक्रिया र प्रतिवेदन	१. आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानुन अनुसार भुक्तानी गर्ने। २. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने।	
अपेक्षित उपलब्धी	विगत आर्थिक वर्षमा निर्माण अधूरो भइ चालु आर्थिक वर्षमा बजेट विनियोजन भएका अधूरो पूर्वाधारहरु निर्माण सम्पन्न भई खेल तथा शैक्षिक गतिविधिका लागि प्रयोगमा आएको हुने।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु / प्रदेश खेलकुद परिषद्	
अनुगमन सूचक	कार्यसम्पन्न भएको प्रमाणित गर्ने प्रचलित कानून बमोजिमका कागजात, कार्य सम्पन्न भएको आयोजनाको फोटो	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय,प्रदेश योजना आयोग,शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

५. कार्यक्रम/ आयोजनाको नाम:खेल पूर्वाधार निर्माण

कार्यक्रमको परिचय	खेल पूर्वाधार निर्माण भन्नाले कुनै सार्वजनिक, शैक्षिक, प्रशासनिक वा अन्य प्रयोजनका लागि आवश्यक जग्गा छनोट तथा तयारी, डिजाइन तथा नक्सा निर्माण, स्वीकृति, संरचनागत निर्माण, विद्युत् तथा खानेपानीलगायतका पूर्वाधार जडान, फिनिसिङ, परीक्षण तथा प्रयोगयोग्य अवस्थामा हस्तान्तरण गर्ने सम्पूर्ण कार्यलाई जनाउँछ। खेल पूर्वाधार निर्माण केवल भौतिक संरचना निर्माण गर्ने कार्य मात्र नभई यसको उपयोगिता, सुरक्षा, पहुँचयोग्यता, वातावरणीय प्रभाव, विपद् जोखिम न्यूनीकरण तथा दीर्घकालीन दिगोपनालाई समेत समेट्ने समग्र प्रक्रिया हो।नेपालमा खेल पूर्वाधार निर्माण गर्दा प्रचलित ऐन नियमावली, राष्ट्रिय मापदण्ड, स्थानीय तहबाट स्वीकृत खेल पूर्वाधार निर्माण मापदण्ड तथा प्रचलित सार्वजनिक खरिद, आर्थिक कार्यविधि र वातावरणीय व्यवस्थासमेत पालना गर्नुपर्ने व्यवस्था रहेको छ। विशेषतः भूकम्पीय जोखिमलाई ध्यानमा राखी पूर्वाधारको डिजाइन, संरचनागत सुरक्षा, निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि तथा प्राविधिक परीक्षणलाई प्राथमिकता दिन आवश्यक हुन्छ।	कैफियत
कार्यक्रमको उद्देश्य	१. प्रचलित कानून तथा स्वीकृत मापदण्ड अनुसार सुरक्षित, गुणस्तरीय, पहुँचयोग्य र दिगो सार्वजनिक खेल पूर्वाधार निर्माण तथा विकास गर्नु।	

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद धिमिरे
सामाजिक विकास मन्त्री

कार्यक्रम सञ्चालन प्रक्रिया	१. खेल पूर्वाधार निर्माण स्थलको जग्गाको स्वामित्व एकिन गरी आयोजना स्थल पहिचान गर्ने, २. खेल पूर्वाधार निर्माणमा कानुनी तथा प्रकृयागत समस्या नभएको एकिन गर्ने, ३. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम ड्रईङ, डिजाइन तथा लागत अनुमान तयार गरी स्वीकृत गर्ने, ४. सार्वजनिक खरिद ऐन २०६३, नियमावली२०६४ र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली २०७६ र अन्य प्रचलित कानुन अनुसारको खरिद प्रक्रिया अवलम्बन गर्ने, ५. चालु आर्थिक वर्षमा आयोजना सम्पन्न हुने गरी विनियोजित बजेटको परिधिभित्र रही आगामी आर्थिक वर्षमा दायित्व नसर्ने सुनिश्चितता सहित संझौता गर्ने, ६. कार्यक्रम संचालन गरेको स्थानमा सर्वसाधारण सबैले देख्ने गरी आयोजना सूचना पाटी अनिवार्य रुपमा राख्ने, ७. कार्य सम्पन्न प्रतिवेदनका आधारमा अर्को आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानून बमोजिम भुक्तानी गर्ने व्यवस्था मिलाउने,	
खर्च प्रक्रिया र प्रतिवेदन	१. प्रचलित कानुनले तोकेको विधि प्रक्रिया अनुसार आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी भुक्तानी गर्ने। २. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने।	
अपेक्षित उपलब्धी	स्वीकृत मापदण्ड अनुरुप गुणस्तरीय खेल पूर्वाधार निर्माण सम्पन्न भई प्रयोगमा आएको हुनेछ।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु	
अनुगमन सूचक	कार्य सम्पन भएको प्रमाणित गर्ने प्रचलित कानुन बमोजिमका कागजात ,कार्य सम्पन्न भएको आयोजनाको फोटो	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

६. **कार्यक्रम/ आयोजनाको नाम: खेल/अन्य सामाग्री खरिद तथा व्यवस्थापन**

कार्यक्रमको परिचय	यस कार्यक्रम मार्फत प्रदेश भित्रका युवाहरुलाई खेल प्रति आकर्षित गरी उनीहरुको शारीरिक, मानसिक तथा संवेगात्मक क्षमताको विकास गरी निरोगी र उर्जावान बनाउन खेल सामाग्री खरिद तथा व्यवस्थापन गरिनेछ।	कैफियत
कार्यक्रमको उद्देश्य	शैक्षिक संस्था लगायत विभिन्न सरोकारवालाहरुको आवश्यकता आधारमा खेल सामाग्री उपलब्ध गराउने।	

उप-सचिव

प्रदेश सचिव

माननीय श्री प्रसाद धिमिरे
सामाजिक विकास मन्त्री

कार्यक्रम सञ्चालन प्रक्रिया	१. सरोकारवालासँगको समन्वयमा शैक्षिक संस्थामा भएको खेल सामाग्रीको आवश्यकता पहिचान गर्ने, २. प्रचलित सार्वजनिक खरिद कानून बमोजिम खरिद योजना तयार गर्ने,लागत अनुमान स्वीकृत गर्ने र उपयुक्त खरिद विधि छनोट गर्ने र सम्झौता गर्ने।	
खर्च प्रक्रिया र प्रतिवेदन	स्वीकृत कार्यक्रम तथा बजेटको आधारमा प्रचलित आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी कानुन अनुसार आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी खर्च गर्ने। दाखिला प्रतिवेदन समेत समावेश गरी संक्षिप्त प्रतिवेदन तयार गर्ने ।	
अपेक्षित उपलब्धी	शैक्षिक संस्था लगायत विभिन्न सरोकारवालाको आवश्यकता आधारमा खेल सामाग्री उपलब्ध भएको हुनेछ।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु/ परिषद्हरु।	
अनुगमन सूचक	जिन्सी/सम्पत्ति अभिलेखमा दाखिला भएका खेल सामग्री संख्या	
अनुगमन गर्ने निकाय	मन्त्रालय/शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

७. कार्यक्रम/ आयोजनाको नाम: भौतिक पूर्वाधार निर्माण

कार्यक्रमको परिचय	भौतिक पूर्वाधार भन्नाले विद्यालय/क्याम्पस भवन, कक्षाकोठा, शौचालय, कम्पाउण्डवाल तथा तारबार, खेलमैदान, माटोपटान, फर्निचर तथा अन्य आवश्यक संरचना र सुविधाहरू पर्दछन्। त्यसैले आयोजना स्थलमा रहेको पूर्वाधारको अवस्था, आवश्यकता र प्राथमिकता पहिचान गरी नयाँ निर्माण, विस्तार, स्तरोन्नति, पुनर्निर्माण तथा मर्मतसम्भार गर्नु यस कार्यक्रमको मुख्य आधार हुनेछ। खेल क्षेत्रको सन्दर्भमा खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास र निर्माण कार्य पर्दछ।	कैफियत
कार्यक्रमको उद्देश्य	१. खेल पूर्वाधारको विकास गरी खेल–सिकाइ वातावरण निर्माण गर्नु। २. विद्यमान खेल पूर्वाधारको स्तरोन्नति, पुनर्निर्माण तथा मर्मतसम्भार मार्फत खेल क्षेत्रको प्रभावकारिता अभिवृद्धि गर्नु।	
कार्यक्रम सञ्चालन प्रक्रिया	१. बजेटको सिमा भित्र रही सार्वजनिक खरिद् सम्बन्धी प्रचलित कानुन अनुसार ड्राइङ, डिजाइन तथा लागत अनुमान स्वीकृत, २. सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ तथा सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली तथा प्रचलित कानून अनुसार खरिद प्रकिया अपनाउने, ३. चालु आर्थिक वर्षमै कार्य सम्पन्न हुने गरी कार्यादेश दिने, ४. आयोजना सूचनापाटी राख्ने,	
खर्च प्रक्रिया र प्रतिवेदन	१. आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी प्रचलित कानुन अनुसार भुक्तानी गर्ने। २. प्रमाणमा आधारित प्रतिवेदन तयार गर्ने।	

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद धिमिरे
सामाजिक विकास मन्त्री

अपेक्षित उपलब्धी	आवश्यकतामा आधारित नयाँ भौतिक पूर्वाधार निर्माण तथा विद्यमान पूर्वाधारको स्तरोन्नति/मर्मत सम्भार भई सुरक्षित, व्यवस्थित, पहुँचयोग्य भएका हुनेछन्।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु/ परिषद्हरु	
अनुगमन सूचक	कार्य सम्पन्न प्रतिवेदन,कार्य सम्पन्न भएको प्रमाणित गर्ने प्रचलित कानून बमोजिमका कागजात र आयोजनाको फोटो	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, शिक्षा तथा सामाजिक विकास निर्देशनालय	

८. कार्यक्रम/आयोजनाको नाम: खेलकुद प्रतियोगिता सञ्चालन, पुरस्कार वितरण तथा खेलाडी एवं प्रशिक्षक सम्मान

कार्यक्रमको परिचय	खेलकुद प्रतियोगिता सञ्चालन, पुरस्कार वितरण तथा खेलाडी एवं प्रशिक्षक सम्मान कार्यक्रम भन्नाले खेलाडीको प्रतिभा पहिचान, क्षमता विकास, उत्कृष्ट खेलाडी तथा टोलीलाई पुरस्कृत र खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने खेलाडी एवं प्रशिक्षकलाई सम्मान गर्ने कार्यलाई जनाउँछ। यस कार्यक्रमले खेलकुदको विकास, खेलाडीको मनोबल अभिवृद्धि तथा युवामा अनुशासन, प्रतिस्पर्धात्मक भावना र स्वस्थ जीवनशैलीको प्रवर्द्धनमा सहयोग पुऱ्याउनेछ।	कैफियत
कार्यक्रमको उद्देश्य	१. खेलकुद प्रतियोगितामार्फत खेलाडीको प्रतिभा पहिचान तथा क्षमता विकास गर्नु। २. खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई पुरस्कार र सम्मानमार्फत प्रोत्साहन गर्नु।	
कार्यक्रम सञ्चालन प्रक्रिया	१. सम्बन्धित खेलकुद सङ्घ, परिषद् तथा सरोकारवाला निकायसँग समन्वय गरी कार्ययोजना तयार पार्ने र प्रतियोगिता सञ्चालन गर्ने। २. प्रतियोगिताको नतिजा प्रमाणित गरी विजेता खेलाडी तथा प्रशिक्षक सहितको टोलीलाई सम्मान तथा पुरस्कार वितरण गर्ने। ३.कार्यक्रम सञ्चालनसम्बन्धी अभिलेख तथा प्रतिवेदन तयार गर्ने।	
खर्च प्रक्रिया र प्रतिवेदन	१. स्वीकृत बजेट तथा प्रचलित कानुनअनुसार खर्च र भुक्तानी गर्ने। २. प्रमाणमा आधारित कार्यक्रम तथा खर्च प्रतिवेदन तयार गर्ने।	
अपेक्षित उपलब्धी	खेलकुद प्रतियोगिता सञ्चालन भई प्रतिभावान् खेलाडीको पहिचान तथा क्षमता विकास भएको हुनेछ। उत्कृष्ट खेलाडी तथा प्रशिक्षक सहितको टोली पुरस्कृत र सम्मानित भई खेलकुद प्रति आकर्षण, मनोबल तथा प्रतिस्पर्धात्मक भावना अभिवृद्धि भएको हुनेछ।	
कार्यान्वयन गर्ने निकाय	सामाजिक विकास डिभिजन कार्यालयहरु /प्रदेश खेलकुद परिषद्	
अनुगमन सूचक	कार्यक्रम सम्पन्न प्रतिवेदन, सहभागी तथा विजेता खेलाडीको विवरण, पुरस्कार वितरण तथा सम्मान सम्बन्धी कागजात र कार्यक्रमका तस्बिर।	

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद धिमिरे
सामाजिक विकास मन्त्री

अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय।	

९. कार्यक्रम/आयोजनाको नाम: प्रदेश खेलकुद परिषद् तथा प्रदेश युवा परिषद्लाई चालु तथा पुँजीगत अनुदान

		कैफियत
कार्यक्रमकी परिचय	प्रदेश खेलकुद परिषद् तथा प्रदेश युवा परिषद्को संस्थागत क्षमता विकास, नियमित कार्य सञ्चालन तथा स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि चालु तथा पुँजीगत अनुदान उपलब्ध गराउने कार्यक्रमलाई यस कार्यक्रमअन्तर्गत समेटिएको छ। चालु अनुदानबाट प्रशासनिक तथा कार्यक्रमगत गतिविधि सञ्चालन र पुँजीगत अनुदानबाट आवश्यक भौतिक पूर्वाधार निर्माण, उपकरण खरिद तथा संस्थागत सम्पत्ति विकासमा सहयोग पुग्नेछ।	
कार्यक्रमको उद्देश्य	१. प्रदेश खेलकुद परिषद् तथा प्रदेश युवा परिषद् विकास समितिको संस्थागत क्षमता र कार्यसम्पादन अभिवृद्धि गर्नु। २. स्वीकृत कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक सहयोग उपलब्ध गराउनु।	
कार्यक्रम सञ्चालन प्रक्रिया	१. सम्बन्धित परिषद्बाट वार्षिक कार्यक्रम, बजेट तथा अनुदानको आवश्यकतासहितको त्रैमासिक प्रस्ताव माग गर्ने। २. प्रस्तावको अध्ययन तथा आवश्यकताका आधारमा चालु र पुँजीगत अनुदान स्वीकृत गर्ने प्रक्रिया अघि बढाउने। ३. स्वीकृत बजेट तथा प्रचलित कानुनबमोजिम अनुदान उपलब्ध गराउने। ४. अनुदान रकम स्वीकृत उद्देश्य र प्रयोजनअनुसार खर्च गर्न लगाउने। ५. अनुदानको उपयोग, कार्यक्रमको प्रगति तथा उपलब्धिको अनुगमन गर्ने। ६. खर्च विवरण, कार्यप्रगति तथा अनुदान उपयोगसम्बन्धी प्रतिवेदन प्राप्त गरी अभिलेख राख्ने। ७. कार्यप्रगतिका आधारमा क्रमशः त्रैमासिक अनुदान प्रदान गर्ने। ८. खर्च कार्यक्रममा निर्धारित कार्यविधि तथा प्रचलित कानुन बमोजिम गराउने।	
खर्च प्रक्रिया र प्रतिवेदन	१. परिषद् /समितिको बैठकबाट बजेट खर्च बर्गिकरण गरी स्वीकृत गराई प्रचलित कानुनबमोजिम अनुदान रकम खर्च गर्ने। २. चालु तथा पुँजीगत खर्चको छुट्टाछुट्टै अभिलेख राखी बिल, भरपाई तथा आवश्यक प्रमाण सुरक्षित गर्ने। ३. अनुदान खर्चको विवरण, कार्यप्रगति तथा उपलब्धि सहितको प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्ने।	
अपेक्षित उपलब्धी	प्रदेश खेलकुद परिषद् तथा प्रदेश युवा परिषद् विकास समितिको संस्थागत क्षमता अभिवृद्धि भई स्वीकृत कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएका हुनेछन्।	
कार्यान्वयन गर्ने निकाय	मन्त्रालय, प्रदेश खेलकुद परिषद् र प्रदेश युवा परिषद् विकास समिति।	

उप-सचिव

प्रदेश सचिव

मा.रमजी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्री

अनुगमन सूचक	कार्यप्रगति प्रतिवेदन।	
अनुगमन गर्ने निकाय	सामाजिक विकास मन्त्रालय	

आयोजना तथा कार्यक्रमहरुको विवरण

खर्च शिर्षक नं	क्रियाकलाप कोड नं.	आयोजना/कार्यक्रमको नाम	रकम (रु. हजारमा)	कार्यान्वयन गर्ने निकाय
३११५९	११.४.२१.१	उजिरसिंह रगशाला निर्माण	३८८३१	प्रदेश पूर्वाधार विकास प्राधिकरण
		जम्मा	३८८३१	
२२५२२	२.७.१४.३१	सूर्यदेव मा वि सि न पा १० र सु संस्कृत मा वि सि न पा १३ मा खेलकुद सामग्री खरिद रुपन्देही	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.३२	श्री मेउडिहवा आ वि सि न पा २ र भुजौली आ वि सि न पा ११ मा खेलकुद सामग्री खरिद रुपन्देही	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.३६	भानु मा वि सि नपा ९ र महात्मा बुद्ध मा वि सि न पा ६ मा खेलकुद सामग्री खरिद रुपन्देही	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.३८	खजाहना आ वि सि नपा ३ र नवदुर्गा मा वि सि न पा ४ खेलकुद सामग्री खरिद रुपन्देही	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.४१	श्री रुपन्देही लिलाराम न्यौपाने मा वि सि नपा ८ र श्रि पडसरी आ वि ओमसतियामा खेलकुद सामग्री खरिद रुपन्देही	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.४२	तिरुपति स्पोर्टस कप अन्तर्राष्ट्रिय पुरुष टि २० प्रतियोगिता भैरहवा रुपन्देही	८००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.५७	मेलवर्न कप राष्ट्रिय टि २० पुरुष क्रिकेट खेल प्रतियोगिता भैरहवा र खेलकुद सामग्री खरिद	१०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.५९	ति न पा १४ रुपन्देहीमा रहेका सवै सामुदायिक विद्यालयलाई खेलकुद सामग्री वितरण	८००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.६३	तिलोत्तमा क्रिकेट क्लब सामग्री खरिद तिलोत्तमा ५ रुपन्देही	३००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.६४	लुम्बिनी प्राइड लिग टि२० पुरुष क्रिकेट खेल भैरहवा क्रिकेट रंगशाला रुपन्देही	२०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.६५	लुम्बिनी प्राइड लिग टि२० महिला क्रिकेट खेल भैरहवा क्रिकेट रंगशाला रुपन्देही	१५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.६९	सुनवल नगरपालिकाको भुमहीमा तेक्वान्दो प्रतियोगिता नवलपरासी (ब.सु.प.)	१०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.७०	सुनवल नगरपालिका वडा नं ०४ मा कराते प्रतियोगिता नवलपरासी (ब.सु.प.)	१०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.७३	जिल्ला स्तरीय खुल्ला स्नोकर प्रतियोगिता केजी कुयु क्लब हाउस सि.न.पा. ८, रुपन्देही	७००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.८४	रुपन्देही बुद्ध कप पुरुष क्रिकेट खेल भैरहवा रंगशाला	१०००	सा.वि.डि.का. रुपन्देही

प्रदेश सचिव

मा.रामजी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्री

२२५२२	२.७.१४.८५	पिएलपिएल पुरुष क्रिकेट खेल प्रतियोगिता लु सा न पा ३ पडरिया रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.८६	सिद्धार्थ क्रिकेट रंगशालाको EIA लगायत सम्भाव्यता अध्ययन गर्ने सि न पा ३ रुपन्देही	१२००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९३	रुपन्देही क्षेत्र नं. ३(१) (माननीय कप) खेलकुद तर्फ रुपन्देही	२०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९४	रुपन्देही क्षेत्र नं.३(१) र युवा सम्मेलन ग्रीन फाउण्डेशन अफ नेपालको सहकार्यमा भैरहवा	१०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९५	लुम्बिनी बुद्ध कप क्रिकेट प्रतियोगिता प्रदेश स्तरीय महिला खेलाडीको लागि भैरहवा रुपन्देही	१५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९६	रुपन्देही क्षेत्र नं.३(१) सिनपा ५ ग्रीन फाउण्डेशन अफ नेपालको सहकार्यमा युवायुवतीहरुलाई AI र विभिन्न विषयमा अभिमुखीकरण सम्बन्धी कार्यक्रम भैरहवा	१०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९७	रुपन्देही क्षेत्र नं.३(१) युवायुवतीलाइ लागू पदार्थ सम्बन्धी कार्यक्रम भैरहवा	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९८	रुपन्देही क्षेत्र नं.३(१) विधार्थीहरुलाइ लागू पदार्थ सम्बन्धी कार्यक्रम भैरहवा	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.९९	रुपन्देही क्षेत्र नं.३(१) र विभिन्न युवायुवतीलाइ आधारभूत कम्युटर तालिम कार्यक्रम सहकार्य लुम्बनी ट्रेनिङ कम्प्युटर इन्स्थियुट सिनपा ५	१०००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१००	रुपन्देही क्षेत्र नं.३(१) विभिन्न युवायुवतीलाइ AS डान्स एकेडेमीको सहकार्यमा डान्स र फिटन्स सेल्फ डिफेन्स तालिम एंव अभिमुखीकरण कार्यक्रम भैरहवा	७००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१०१	मेलबर्न क्रिकेट एण्ड स्पोर्टिङ्ग क्लब सिनपा १३ समाग्री खरिद	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१०२	रुपन्देही क्षेत्र नं.३(१) विभिन्न युवायुवतीलाइ AS डान्स एकेडेमीको सहकार्यमा सोसल मिडियाको कन्टेन्ट क्रियाटरलाइ पर्यटन प्रवर्द्धन सम्बन्धी खुल्ला प्रतिस्पर्धा गराइ सोसल मिडियाको कन्टेन्ट क्रियटरलाइ सम्मान तथा पुरस्कार एंव अवार्ड कार्यक्रम भैरहवा	८००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१०३	रुपन्देही क्षेत्र नं.३(१) का विभिन्न वडामा रोट्रयाक्ट क्लब अफ सिध्दार्थनगरको सहकार्यमा ११ माननीयको सिफारिसमा विभिन्न खेल समाग्री वितरण टोलटोलमा खेलाडी समूहगत वितरण	३५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१०४	कैलाशनगर कबर्भहलमा रुपन्देही क्षेत्र नं.३(१) (माननीय कप) व्याडमिन्टन प्रतियोगिता	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१०८	रुपन्देही क्षेत्र न ३ (१) विभिन्न युवा युवतीलाई आधारभुत कम्प्युटर तालिम	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१०९	रुपन्देही क्षेत्र नं.३(१) का विभिन्न युवायुवतीलाइ रिशेप्सनिष्ट तालिम	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११०	खेलकुद सामग्री वितरण मर्चवार स्टार नव युवा क्लव समरिमाइ ६ रुपन्देही	२००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१११	रुपन्देही क्षेत्र नं.३(१) का विभिन्न युवायुवतीलाइ टुरिष्ट गाइड तालिम	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११२	रुपन्देही क्षेत्र नं. ३(१) का विभीन्न सामुदायिक मदरसाहरुलाई खेल सामग्री वितरणतर्फ रुपन्देही	९००	सा.वि.डि.का. रुपन्देही

उप-सचिव

प्रदेश सचिव

मा.रामजी प्रसाद चिमिरे
सामाजिक विकास मन्त्री

२२५२२	२.७.१४.११३	लुम्नबिनी व युवा क्लब लु सा नपमा ३ पडरिया खेलसामग्री वितरण	२००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११४	कर्मज्योती युवा क्लब ओमसतिया २ खेल सामग्री वितरण	२००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११५	सिद्धार्थ मुर्गा युवा क्लब सि न पा २ रुपन्देही खेल सामग्री वितरण	२००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११६	मेउडिहवा युवा क्लब सिनपा २ र बुद्ध क्रिकेट एण्ड स्पोर्टस क्लब सि नपा ६ खेल सामग्री वितरण रुपन्देही	४००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११७	ओमसतिया ५ रुपन्देही खेल सामग्री वितरण	३००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.११९	रुपन्देही ३(१) का विभीन्न युवायुवतीहरुलाई AI र सोसल मिडिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम भैरहवा लुम्बिनी प्रेस क्लब रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१२०	माछापुच्छ्रे कप फुटबल खेल प्रतियोगिता भैरहवा रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१२१	एलिट युथ क्लब खेल सामग्री खरिद सि न पा ९ रुपन्देही	३००	सा.वि.डि.का. रुपन्देही
२२५२२	२.७.१४.१२५	श्री रोट्रयाक्ट क्लव अफ सिद्धार्थ नगरलाइ विभिन्न खेल सामाग्री वितरण भैरहवा	४००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.९८	नवजिवन खेलमैदान निर्माण तिलोत्तमा ६ रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१०१	श्री जनभावना मा वि दिपनगरमा खेलकुद मैदान व्यवस्थापन / पूर्वाधार निर्माण तिलोत्तमा-८ रुपन्देही	६००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३१	कर्मडाँडा खेलमैदान निर्माण ओमसतिया २ रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३२	नवदुर्गा युवा क्लब खेलमैदान निर्माण सियारी १ रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३३	न्यु मिलन युवा क्लब कबर्डहल स्तरोन्नती म्याट लगाउने सियारी १ रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३४	खेलकुद पूर्वाधार संरचना निर्माण मर्चवारी २ रुपन्देही	९००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३५	अधूरो कभर्डहल निर्माण लिस्नु युवा क्लब तिलोत्तमा १५ रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३६	खेलकुद मैदान रंगशाला निर्माण कोटहिमाई गापा ७ रुपन्देही	१०००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३७	सिद्धार्थ क्रिकेट रंगशाला अधूरो चेन्जिङ रुम भौतिक पूर्वाधार निर्माण सि न पा ३ रुपन्देही	३०००	सा.वि.डि.का. रुपन्देही
३११५९	११.४.२१.१३९	बुटवल मावि खेलकुद मैदान स्तरोन्नती बुटवल १ रुपन्देही	५००	सा.वि.डि.का. रुपन्देही
